# ज्ञानेन्द्र गदाल

होमनाथ सुवेदी
वुडब्रिज, भर्जिनिया

सर्वोत्कृष्ट नेपाली गीती कविताका लागि स्वर्गीय श्री हरिभक्त कटुवाल स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गीति कविता सर्वोत्कृष्ट पुस्तक पुरस्कारका विजयी कृति "मलाई छुने मन"को गीति कविताका लेखक ज्ञानेन्द्र गदालको परिचय हो यो ।



**Name:** Gyanendra Gadal
**Birth Place:** Fikkal-6, Ilam, Nepal
**Birth Date:** 1964
**Education:** MBA, MS-IT (USA)
**Hobby:** Literatures and music (First published poem 1979 and first song recorded in 1983.

**Publications:**

- Album (CD), Nepali modern song ***"PARDESH"* 2005** (Published by INLS Colorado Chapter)
- Collection of Lyrics, Book, ***"MALAAI CHHUUNE MAN"* 2003** (Published by INLS)
- Album, Nepali Modern song ***"MAUNATA"* 1998 (Shraddha Studio, Nepal)**
- Album, Nepali Folk song ***"AANKHI JHYALAIMA"* 1997 (Shraddha Studio, Nepal)**
- Album, Nepali modern song ***"YAUWAN"* 1995 (Music Nepal)**
- Various modern, National and folk songs recorded and published in Radio Nepal, and Nepal Television.
- More than 200 songs, poems, story and articles published in different literary papers / magazines.

**Involvement:**

- **Life member:** ***Literary Journalist Association,*** Nepal,
- **Founder Member:** ***RAJA LIBRARY,*** Fikkal, Ilam.
- **Life Member:** ***International Nepali Literary Society,*** Washington DC, USA
- **Executive Member:** ***Academy of Nepali Poets & Writers,*** Washington DC, USA
- **Associate Editor-** ***ANTERDRISHTI*** (*Published by INLS*, USA) 2001
- **Editor:** ***ANTERDRISHTI*** (*Published by INLS*, USA) 2003
- **Chief Editor:** ***ANTERDRISHTI*** (*Published by INLS*, USA) 2004- 2006

- **Executive member:** INLS, HQ as a Chief editor 2004-2006
- **Distinguished Member:** ***International Society of Poets,*** USA since 2001
- **Coordinator:** ***Poetry and Literature Committee, ANA Convention 2003, Colorado*** USA
- **Member of coordination committee:** ***Poetry and Literature Committee, ANA Convention 2004, Arizona*** USA
- **Advisor of coordination committee:** ***Poetry and Literature Committee, ANA Convention 2005, Texas,*** USA
- **Founder Chairman:** INLS, Colorado Chapter, 2003-Present

**Honored:**

- **Best Representative of the year - 2003**, INLS HQ.
- **Excellence lyricist -2054** BS (Radio Nepal)

**सर्वोत्कृष्ट नेपाली गीती कविताका लागि स्वर्गीय श्री हरिभक्त कटुवाल स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गीति कविता सर्वोत्कृष्ट पुस्तक पुरस्कारका विजयी कृतिको परिचयः**

# "मलाई छुने मन"को गीति कविताको परिचय

होम नाथ सुवेदी

---

अहिले अमेरिकामा नेपाली भाषा कक्षा संचालन र कविता कथा लेख्ने तथा पुस्तक प्रकाशनको एउटा दुधर्ष संघर्ष चलिरहेको छ । सात समुद्रपार नेपाली जातीय गौरवको लागि मजबूत जग बसाल्न रातदिन निश्वार्थ भावले यो दुधर्ष संघर्षमा जुटिरहेका व्यक्तिहरुमध्ये एक अग्रिणी व्यक्तित्व हुन् कवि तथा गीतकार ज्ञानेन्द्र गदाल । उनी अहिले अन्तर्राष्ट्रिय साहित्य समाज कोलोराडो च्याप्टरका अध्यक्ष र "अन्तर्दृष्टि" पत्रिकाका संपादक छन् । डेन्भर र बुल्डरमा उद्घाटन भएका "नेपाली भाषा तथा संस्कृति विद्यालय" को संचालनमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । उनै ज्ञानेन्द्र गदाल यो विवेच्य "मलाई छुने मन" गेय कविता संग्रहका प्रणेता हुन् ।

यो "मलाई छुने मन" गीति कविता संग्रह अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वाशिङ्गटन डि.सी.बाट प्रकाशित भयो र जुलाई ४, २००३ मा एएन्ए. र अन्तर्राष्ट्रिय साहित्य समाजको संयुक्त तत्वावधानमा कालोराडोमा भएको कविता महोत्सवमा आशुकवि रमेश खकुरेलको हातबाट विमोचन भएको हो ।

"लोक गीतको बिसौनीमा बस्दा परेको एक छिनको प्रभावले यसको कवितात्मक प्राप्तिप्रति पूर्ण विश्वास पार्छ ( पराजुली, ठाकुर) ।" लोक गीत पनि कविता हो र कविताको मूल पनि लोक गीत नै हो । लोक गीतमा भएको गति, यति र लयले यो गीति कवितालाई बढी यससित जोडेको छ । यस बाहेक मोतीका गजलदेखि भिमनिधि तिवारी (पराजुली, कृष्ण प्रसाद ) हुदै ज्ञानुवाकरको नेतृत्वमा आएका गजल पनि गीति कविता नै हुन् भने चादनी शाहले (जोशी, कुमार बहादुर) नेतृत्व गरेका गीति कविता पनि कविता नै हुन् । खास फरक त यत्ति हो कि पहिले यी श्रृङ्गार प्रधान हुन्थे त अहिले बढी चिन्तन प्रधान । श्रृङ्गारले लैलामजनुसित नातो जोडिन्थो भने चिन्तनले आजको कवितासित । त्यसैले ज्ञानेन्द्र गदालको यो विवेच्य "मलाई छुने मन" गेय कविता संग्रह आजको संकटपूर्ण जीवनको वृत्तचित्र भएकोले यसलाई म आजको कविता नै भन्न पन पराउछु, अझ नाद

शौन्दर्य र श्रुति माधुर्यले गर्दा यो अफ्ह विशिष्ट कविता संग्रह बनेको छ। कसैले यसलाई केवल गीति त रहेछ नि भनेर हिड्छ भने मलाई कुनै आपत्ति छैन। त्यसका गुण त यसमा छंदैछन्। तर यसको विशिष्ट पक्ष भनेको अपेक्षाकृत मान्छेको आजको संकट हो। त्यही नै कविको वा यसको आत्मा हो।
गीतकार गदालका गीत अनुभूतिका आत्यन्तिक इषद् क्षणका सार हुन्। “मेरो यात्रा” गीतमा कविले देखेभोगेका कुरा मनभित्रै लेखेको भन्छन्। यही त वेद हो, अलिखित वेद। अनुभूतिको पराकास्टामा पुगेर स्पर्श गरिएको ज्ञान र कुँदिएका कलात्मक शव्दहरुको अनुवन्धन नै पाठ्य तथा गेय कविता हो। गदालका यी कविता गीत हून्, उनका भोगाइ नै हुन्, यात्रा हुन्, प्रेमका क्षण हुन्:

कााडा बीच टेकेको छु हुरी बतास छेकेको छु,
जे जे देखें जति भोगो मनभित्रै लेखेको छु,
जति सुख दुख सहेको छु,
म ठान्छु जीवनको सार हो,
उकाली ओराली यात्रामा
मैले पाएको प्यार हो।
मेरो यात्रा–ज्ञानेन्द्र गदाल

गीतकार गदालको नायक ‘प्रवासी’ हो। यो ‘प्रवासी’ उनको हरएक गीत वा कवितामा कुनै न कुनै रुपमा उपस्थित हुन्छ। यसले कहिले उदात्त स्वरले त कहिले अनुदात्त स्वरले, कहिले ओल्लो तट र कहिले पल्लो तटमा, कहिले दिनमा त कहिले रातमा अनि कहिले मञ्चमा त कहिले नेपथ्यमा आजको जीवनवृत्तको नृत्य गर्दछ।




आजको यथार्थता जीवनमा के हो ? यसकै उत्तर हो यो “मलाई छुने मन” गीत संग्रह। जीवन एक नदी हो जो ढुंगा, माटो र बालुवासित लड्दैभिड्दै निरन्तर अगाडि बड्छ। गीतकार गदाल जिन्दगीको परिभाषा यसरी गर्छन:

गीत संगीत तरंग त मनको वह होला
जिन्दगीको परिभाषा बगिजाने खोला।
नदीहरु धेरै छन्, नदीका परिसर धेरै छन्। नदीले लोप हुनुहुन्न। तर आज “आखिर” मा नायक अरुको लागि स्वयम्लाई अर्पित गरेर पनि लक्ष्य भेटाउन सक्दैन, स्वयम् लोप भएको अनुभव गर्छ। आजको मान्छेको प्रतिनिधित्व गर्ने गीत ‘आँखा हुने अन्धो’ मा नायकको हृदय विदीर्ण छ, विक्षिप्त छ। आफन्तको गाउँ विहीन छ। वरिपरि शून्यता जसलाई शून्य नै बिजाउँछ। भूतले एकान्त पारी पारी तर्साउँछ। यहाँ स्रष्टाको प्रधान चरित्र लडखडाउँछ र ‘यो मनको आँधी’ गीत यसरी छटपटाउँछ:

स्वाभिमानको पर्खाल त्यसै नाघ्न पनि सकिएन

समयको हुरीलाई रोक्न पनि सकिएन
बितेछ है जवानी बिउझिएछु अबेला
विक्षिप्त मनको आाधी यो कसले बुझिदेला ।

आपत परेपछि, उद्देश्यबाट पर भएपछि मान्छेले मान्छेको सहायता खोज्छ तर आज त्यो पनि रहरमै बित्ने हो कि! आज चारैतिर कुरा छन् , भित्र अनौठा छुरा छन् । यी कुराले कविकृत नायकलाई "विरक्ति" मा विरक्तिले सुनसान गाउ हैन शहरमा नै समात्छ । बाटाहरु सबै भिरपाखा बन्छन् । असल काम गर्ने मान्छेका खुट्टा काट्छन् । यक्तो चक्रव्युहभित्र कवि लेखेर भुल्न खोज्छन् तर पनि दिलको घाउ सञ्चो हुन्न झन जल्छ:

थाहा छैन अन्त्य यसको यात्रा चलेकै छ,
निभाऊा भन्छु हृदयमा आगो बलेकै छ ।
"मलाई छुने मन"
आजका मान्छेका माग धेरै छन् आकाश समान सपना समाउन खोज्दा ऊ साधन नै हराएर उसको जिन्दगी नदी हैन वगर मात्र बन्न पगेको तथ्यको एक नमुना

प्यासी थियो पखेटा सगर छुने रहर भो,
किनार समाउन खोज्दा जिन्दगी नै बगर भो ।
"चाहिंदैन"

अस्तित्ववादी साहित्यमा "बाटाहरु हिड्नको लागि हैन, लडाउनका लागि बनाइएका हुन्" ध्वनी तरङ्गसित स्वर मिलाउदै "आजको जिन्दगानी कस्तो छ ?" भन्ने विषयमा गदालको यौटा अर्को जीवन्त गीत यसरी बोल्छ:

जहां टेक्यो पाइलाहरु कांडामाथि पर्छन्,
हाँसो छाए मुहारमा सबले डाहा गर्छन्,
किन रोप्छ नियतिले मर्म छानी छानी,
आफैलाई बिझाउने भयो जिन्दगानी ।
"जीवन"

कुनै पनि काव्य वा कथा गीतले कुनै न कुनै यौटा परंपरागत दर्शनलाई बोकेको हुनुपर्छ वा कनै उपदेशनै हनुपर्छ भन्ने कुनै अकाट्य नियम छैन । कविता सामान्य व्यवहारको कनै अभिव्यक्ति पनि हुन सक्छ । तर त्यो महान् यस कारण हुन सक्छ कि त्यसले पाठक हृदयलाई उद्वेलित गर्दछ । कम्तिमा त्यो एक कवि वा गीतकारको कला हो जुन गीतकार गदालको यो गीत संग्रहमा समेटिएको छ ।

गीतकार ज्ञानेन्द्र गदालका कवितामा राष्ट्रियताको रातो रगत बगेको छ तर त्यो रगतमा हैन प्रेमी र प्रेमिकाका प्रेम-पीडामा अवतरित छ । प्रियतम मान्छेको दायित्व देशको आर्थिक कमजोर अवस्थाको कारण विदेशिएको छ । तर ऊ विदेशमा पनि सुखी छैन । उसलाई मातृभूमिका हरएक पाखापखेरा बोलाइरहन्छन् । ऊ तानिन्छ, फर्कनखोज्छ । तर उसका हातखुट्टा त्यता पनि चल्दैनन् । यो एउटा विवशतालाई स्वीकारेर अकर्मण्य भएर रहन पनि कविको नायक चाहन्न । ऊ जतिसुकै अवरोध आएपनि प्रेम गर्न अभिशप्त छ । प्रेम वृहद अर्थमा कर्मशीलता नै हो, यसको विना जीवन जिउन असमर्थ छ ऊ । त्यसैले गीतकार गदालको गीति कविता एब्जर्डतिर उन्मख भएपनि कर्मशीलताको मात्रा यसमा बढी छ । त्यसकै परिणम हो कि यस कविता संग्रहमा प्रेम-दर्शनको प्रयोग छ । समर्पणले दुर्जेय शत्रुलाई पनि पासोमा पार्न सकिन्छ । त्यो पासो प्रतिशोधको लागि हत्या र आतङ्कलागि न भएर शान्तिपूर्ण मानव जीवन अनुकूलनको लागि हुन्छ । पीडा दर्शनका अध्येता भएर पनि उनी निराशाबाट भत्कन्नन् बरु त्यसकै पल्लो छेउबाट आशाको दीपक जलाउन अग्रसर हुनुपर्छ भन्छन्:

घृणादेखि नआत्तिनु माया त्यहीा हुन्छ
कति राम्रो गुलाब हेर काडा बीच फुल्छ ।
नारी प्रेम-दर्शनकी नायिका । हो, स्मरणीया छे यो संग्रहमा, तर गदालले आजकी नारीको पछिल्लो पाटाबाट प्रेम दर्शन गरेका छन् । ऊ आज बाठी छ तर नाङ्गिएकी पनि छ जस्तो नारी गौरवता लोप हुदै गएकी पनि छ ।

लट्ठै पार्थी म सोझोलाई, मोहनी बोलीमा
विहे गरी लैजाउ भन्थी, राखेर डोलीमा ।
यस्ता कुरा कलेजोमा, संझना बोकिछ
कसैलाई थाहै नदिई, सुईकुच्चा ठोकिछ ।
-व्यर्थैमा

प्रेम-प्रसंगलाई गदालले जीवन प्रसङ्गको रुपमा विकास गरेका छन् । यहाँ प्रेम-प्रसंगमा वैंस, माया, गुराँस, प्रेम-संझौता, प्रेम-क्षण, प्रेम-समपर्ण, कहिले प्रेम-पीडा वहेको छ । जहाँ बिरह, चोट, हार, प्यार र समपर्ण छ । कही हौसलाको सास स्वयम फेर्छभने अधिकतर वियोग जन्यपीडाको दर्शन हुन्छ । पीडाको दर्शनले मान्छेलाई पवित्र वनाउछ भन्छन तर आज मान्छेमा विकास भएको संकटकालीन मनस्थितिले ती मूल्यलाई चालायमान बनाएको भनी कवि गदालका कविता पीडा पक्षबाट प्रेमको हार खोल्छन् । हाम्रो समाजमा भैरहेका असमानताका विरोधको झन्डा लिएर कवि गदाल उभिएका छन् । यहाँ सबै आआफ्नै कथा बोकेर हिंडछन् । कसैलाई कसैको कथा सुन्ने फुर्सत त छैन अनि “रगत सबको एउटै तर भेदभाव किन यहां (असमान)।” असमानता, यो नया युगवोधबाट गतिमान् छ ।

आकाश हो जिन्दगानी लाखौं तारा यहां
जीवन एउटा सागर हो सयौं लहर यहां
उदाउनु र निदाउनु त पर्छ सबले यहां
रगत सबको एउटै तर भेदभाव किन यहां ।

असमान गीति कवि गदालले धर्म, भाग्य र समाजका प्रश्नलाई पनि छोडेका छैनन् । ”हेराइ” गीति कवितामा उनी लेख्छन्:
पुनर्जन्म देख्नेहरु, भावना मै बााच्न सक्छन्
पाप पुण्य जे गरिन्छ, अर्को जुनीलाई भन्छन्
म त भन्छु पुनर्जन्म, हुन्न कहिल्यै जिन्दगी
बााचुन्जेल हासौं खेलौं, यही नै हो जिन्दगी ।

मृत जीवन भन्दा उनलाई यही जन्म सही लाग्छ र केही “राम्रो काम केही गरे, सफल हुन्छ जिन्दगी” । कवि गदालका यस्ता उद्धरणीय कविता अनगिग्ती छन् ।

कलाका दृष्टिले गदालका कवितामा चुनिएका शुन्दर शव्दहरु छन्, तिनलाई लिपपोत गरी अनुप्रास र यमकका माला लगाइएका छन् । उपमा, उत्प्रेक्षा र रुपकले रुपायित छन् कविता । उपमाको मात्र यौटा नमूनाः
कुहिरो ओढेर धर्ती रोइरहे झै लाग्छ
आाशुले सारा व्यथा धोइदिए झै लाग्छ ।
जलन

गदालका कविता शौन्दर्य शास्त्रीय दृष्टिले उच्च तहका छन् । विम्व र प्रतीकको प्रयोगमा गदालका कविताले पूर्व र उत्तर आधुनिक युगका प्रवृत्तिहरुलाई एकैसाथ अङ्कमाल गरेका छन् । प्राकृतिक, आर्थिक र आणविक विम्वको प्रयोग “जीवनको रीत” कवितामा हेरौं कति सुन्दर उपयोग छः
हरेक बिहान,
एउटा झिनो आशा लिई उदाउंछ
सांझ पर्छ फेरी उही छटपटिमा निदाउंछ ।
o o o
झुपडिमा जिन्दगानी दुख लुकाई हांसेको छ
महल सधैं सन्त्रास र कोलाहलमा बांचेको छ ।

यो संग्रहको “मलाई छुने मन” नाम सरल भाषा, सरल भाव, सरल विम्व र प्रतीकहरु पनि ठेट नेपाली शव्द र धारणमा स्थापित छ । भाषा शैली यति सुगम छ कि कतै नेपालको भित्रीप्रदेशमा पसेर त्यहाँका मीठा मीठा

लोकगीत सुने जस्तो लाग्छ भने कतै शहरमा गजल गाए जस्तो लाग्छ। धेरै जसो तीन स्ट्चान्जाका छने धने कुनै त्योधन्दा बढीका पिनि छन्। स्ट्चान्जा जतिसुकै भएपनि कुनै १० देखि १५ हरफसम्मका मात्र छोटा छोटा मीठा मीठा यी गीति कविता पाठकको हृदय स्पर्श गर्न अति सक्षम छन्। अन्तरा र अनुप्रासमा कुदिएकाले यी कवितालाई गीतमा बाँधेर गाउदा र सुन्दा अझ छन्दोवद्ध कविताको मजा आउछ। गति, यति, लयमा कसिएका, स्वर, छन्दमा संस्कृत गीतको मजा आउछ। यो नै यसको कलाकारिताको प्रमाण हो।
जीवन एक नदी हो। कहिले जित्छ, कहिले हार्छ तर समर्पण, समर्पण समर्पणकै कर्मशीलताले लघु नै भए पनि नदी, त्यो सरित् , महत् , महान् सागरमा संमिलन भएर महानता प्राप्त गर्दछ। यही नै मानव जीवनको गौरव हो, अस्तित्व हो, स्वाधीनता हो, स्वतन्त्रता हो, यही मुक्ति हो र महानिर्माण पनि। गदालका गीति कविताको बगिजाने खोलाको यात्रा यसै दिशातिरको कथ्य हो, तथ्य हो र यही हो साधारणीकरण पनि। अमेरिकामा बसेर पनि यति कसिलो रचना सिर्जना गर्न सक्नु कवि गदालको अमोघ प्रतिभाको परिचय हो। उनका पछि आउने रचनाहरु अझ परिमार्जित र हलचल मचाउने खालका हुनेछन् भन्ने कुराको यो अचुक प्रमाण पनि हो।
०

सन्दर्भ ग्रन्थसूची

१. गदाल, ज्ञानेन्द्र. "मलाई छुने मन", गीत संग्रह. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वाशिङ्गटन डि.सी. २००३.
२. डा. जोशी, कुमार बहादुर. "चादनी शाहको गीतिकविता-यात्रा" संपादनः प्रधान, शिव. "बृहद्समालोचना", समालोचना संकलन. गान्तोक प्रकाशन, सिक्किम. १९८९.
३. पराजुली, कृष्ण प्रसाद. "गीतिकवितामा भिमनिधि तिवारी". संपादनः प्रधान, शिव. "बृहद्समालोचना", समालोचना संकलन. गान्तोक प्रकाशन, सिक्किम. १९८९.
४. पराजुली, ठाकुर. "नेपाली साहित्यको परिकमा" नेपाली विद्या प्रकाशन, काठमाडौं. १९८८.

अगस्त २६, ००३
वुडब्रिज, भर्जिनिया

**"मलाई छुने मन" को मनन** होम नाथ सुवेदी परदेशडटकमबाट साभार
http://www.paradesh.com/2004/january/malai_chune_man_hom_n_subedi.html